Napalese

FIREARMS AND KNIFE EDUCATION

HAMPSHIRE CONSTABULARY

हेम्पशायर कन्स्टाबुलरी प्रहरी अस्त्र अधिकारीहरूले भेटेका सबै घटनाहरूमा झण्डै 70% छुरी वा नक्कली हतियारहरूसँग सम्बन्धित हुन्छन्। हतियारसँग जुडेको एक घण्टा लामो प्रहरी कारबाहीमा 27 घण्टाको स्थानीय प्रहरी बीटमा लाग्ने बराबरको खर्च लाग्छ।

हाम्रो एफ.ए.के.ई, ''फायरआर्म्स एण्ड नाइफ एज्युकेशन'' अभियानको एक भागमा, बन्दुक र छुरीका घटनाहरूलाई घटाउन र त्यस्ता घटनामा संलग्न हुनबाट रोक्नको लागि हामी सक्रिय रूपमा समुदायका साथ जोडिदै छौं।

जफत भएका कतिपय बन्दुकहरू यति वास्तविक हुन्छन् कि फायरआर्म्स अधिकारीले, त्यो सकली हो कि नक्कली भनी झट्टै ठम्याउन सक्दैनन्। फायरआर्म्स अधिकारीहरूले बन्दुकबाट हुने प्रत्येक घटनाको छानवीन गर्दा, त्यो हतियार असली नै थियो कि भन्ने विचार गर्नु पर्छ।

हैम्पशायर कन्स्टाबुलरीले, एक नक्कली हतियार, वा एउटा छुरी राख्ने वा लिएर हिंडदाका जोखिम र परिणामहरूबारे जतिसम्भव हुन्छ हैम्पशायर र आइल अफ विट भरिका मानिसहरूलाई स्पष्ट सन्देश दिन चाहन्छ, किनभने हालै कानूनमा परिवर्तन गरिएको छ र एक सार्वजनिक स्थानमा हतियारको प्रतिरूप वा नकल बोक्नु अब गैरकानूनी हुन्छ।

एफ.ए.के.ई (फायरआर्म्स एण्ड नाइफ एज्युकेशन) अभियान एउटा लामो अवधिको परियोजना हो जसमा हाम्रा समुदायहरूको लागि सुरक्षित बस्ने र काम गर्ने स्थान सुनिश्चित गराउनको लागि टी एफ एस यू (ट्याक्टिकल फायरआर्म्स सपोर्ट यूनिट) को नेतृत्वाधीनमा सम्पूर्ण हैम्पशायर कन्स्टाबुलरीले एउटा टीमको रूपमा काम गर्दै छ।

**हैम्पशायर कन्स्टाबुलरी, अपराध तथा अपराधको डर कम्ती पारेर सबैको लागि हाम्रा समुदायहरूलाई एक सुरक्षित स्थान बनाउन प्रतिबद्ध छ।**

**तलको सूचना, तपाईंलाई सही रोज्न र सुरक्षित रहन तथा कानूनको परिधिभित्र बस्नमा मद्दत पुऱ्याउन दिइएको हो।**

- एउटा छुरी लिएर हिंड्नुको सजाय, चार वर्षसम्मको कैद र £5000 को जरिवाना हुन्छ।
- कुनै पसलमा 18 वर्षभन्दा मुनिका व्यक्तिलाई कुनैपनि प्रकारको छुरी (काँटा चक्कु र भान्साघरमा प्रयोग हुने चक्कु लगायत) बेच्नु गैर कानूनी हो।
- कुनै राम्रो कारण वा कानूनी अधिकार बेगर, सार्वजनिक स्थानमा छुरी लिएर हिंड्नु एक अपराध हो।
- आत्मरक्षाका लागि छुरी बोक्नु गैर कानूनी हो।
- कुनै अर्को व्यक्तिलाई अनिष्ट गर्न प्रयोग हुन सक्ने कुनै सामग्री वा वस्तु, एक आक्रामक हतियार हुन सक्छ। एक आक्रामक हतियार साथमा हुनु गैरकानूनी हो।

## हैम्पशायरका काऊण्टीहरू वा आइल अफ विटमा रहँदा तपाईंले एक अपराध गर्नु भयो भने, तपाईंलाई गिरफतार गरिने छ। तपाईंलाई जरिवाना हुन सक्छ, तपाईं झ्यालखानामा पुग्न सक्नु हुन्छ।

बन्दुक जातीय हतियारको प्रतिरूप वा नकल, असली बन्दुक जस्तो देखिन्छ र महसुस हुन्छ। यसमा भिन्नता बताउन लगभग असम्भव हुन्छ।

तपाईं सार्वजनिक तवरमा बन्दुक जातीय नक्कली हतियारका साथ हुनुनुन्छ भने, तपाईंको जम्काभेट एक सशस्त्र प्रहरीसँग हुने सम्भावना हुन्छ।

सार्वजनिक स्थानमा तपाईं छुरी लिएर जानु हुन्छ र यसको प्रयोग धम्क्याउन गर्नु हुन्छ भने, तपाईंले एक सशत्र प्रहरीसँग जम्काभेटको जोखिम उठाउनु हुन्छ।

**तपाईंलाई संकट आईलागेको छ वा प्रहरी, एम्बुलेन्स वा दमकल सेवाको खाँचो पर्‍यो भने, तपाईंले संयुक्त अधिराज्यको कुनैपनि फोनबाट, 24 घण्टा, वर्षमा 365 दिन 999 मा फोन गर्न सक्नु हुन्छ।**

**तपाईंले छुरी वा बन्दुक लिएर हिंड्ने कसैलाई जान्नु हुन्छ भने, तपाईंले क्राइमस्टपर्सलाई अज्ञातको रूपमा 0800 555 111 मा फोन गर्न सक्नु हुन्छ।**

**तपाईंलाई कसैमाथि छुरी वा बन्दुक लिएर हिंडेको सन्देह भएमा, तपाईंले उनीहरूको नाउँ र पोस्टकार्ड क्षेत्र 88551 मा टेक्स्ट सन्देश पठाउन सक्नु हुन्छ।**

थप जानकारी र दिशा–निर्देश प्राप्त गर्न सकिछन्छ:

www.knifecrimes.org
www.crimereduction.homeoffice.gov.uk
www.gameover4knives.com
www.gunsandknivestakelives.com
www.fearandfashion.org.uk
www.gun-control-network.org
www.shadowcs.co.uk
www.crimestoppers.co.uk